# निर्देशक समितिको मिती २०७८ फागुन २७ को निर्णयहरु

निर्णयहरुः

१. मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका सन्दर्भमा स्थानीय तहबाट श्रमिक छनौट, श्रमिकको ज्याला भुक्तानी, आयोजना स्थल र सम्पादन गर्नुपर्ने कार्य लगायतका विषय सम्बन्धी अस्पष्टता उपर राय/निर्णय माग भएको सम्बन्धमा मुख्यमन्त्री रोजगार कार्यक्रम सूचना प्रणालीमा दर्ता भएको अभिलेख र निर्देशक समितिको मिति २०७८/०८/१९ को निर्णयानुसार कार्यान्वयन गर्न स्पष्ट खुलाई सबै स्थानीय तहलाई परिपत्र गर्ने।

२. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बाँडफाँट भई कार्यान्वयनका लागि पठाइएका आयोजनाको संशोधन वा रकमान्तरको सन्दर्भमा कर्णाली प्रदेश विनियोजन ऐन, २०७८ को दफा ८ को उपदफा (९) को प्रतिवन्धात्मक वाक्याशमा *"एकमुष्ट रूपमा विनियोजन भएको रकम एकपटक बाडँफाँड गरीसके पश्चात पुनः रकमान्तर वा कार्यक्रम संशोधन गर्न पाइने छैन।"* भन्ने उल्लेख भएको हुँदा कार्यक्रम संशोधन वा रकमान्तर हुन नसक्ने व्यहोरा सम्बन्धित स्थानीय तहलाई लेखी पठाउने।

३. आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रममा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगतका आयोजना समावेश गरी सशर्त अनुदान मार्फत कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तहमा पठाउने व्यवस्थाका लागि आयोजना छनौट तथा स्वीकृतिका लागि मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को विभिन्न दफामा रहेका व्यवस्थालाई देहाय अनुसार ऐ. कार्यविधिको दफा २१ बमोजिम बाधा अड्काउ फुकाउने।

३.१ **आयोजना क्षेत्र/उपक्षेत्र र श्रमिक-सामाग्री अनुपातः** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ३ मा *बुँदा नं. क देखी ट सम्मका कार्यक्रमका क्षेत्रको* सट्टा देहाय तालिकाको क्र.स.१ देखी ६ सम्मका क्षेत्र र ६.१ देखी ६.३ सम्मका उपक्षेत्र बमोजिम कार्यक्रमको क्षेत्र तथा उपक्षेत्र निर्धारण गर्ने। ऐ. कार्यविधिको दफा ७ र अनुसूची-५ बमोजिमको श्रमिक र सामाग्री अनुपात देहाय तालिका बमोजिम कायम गर्नेः

| क्र.सं. | आयोजनाको क्षेत्र/उपक्षेत्र | बजेट खर्च प्रतिशत | |
|---|---|---|---|
| | | पारिश्रमिक (न्युनतम) | सामग्री खरिद (अधिकतम) |
| १ | सतह सिंचाई | ६० | ४० |
| २ | खानेपानी | ६० | ४० |
| ३ | तालतलैया, जलाशय, पानी सङ्कलन पोखरी | ७० | ३० |
| ४ | सडकमा पक्की नाला/ढल | ५० | ५० |
| ५ | विद्यालयका ढुङ्गा वा इट्टाका पर्खाल | ५० | ५० |
| ६ | पर्यटन पूर्वाधार | | |
| ६.१ | पदमार्ग | ७० | ३० |
| ६.२ | पर्यटक विश्राम स्थल | ७० | ३० |
| ६.३ | सामुदायिक भवन | ५० | ५० |

३.२. **आयोजना छनौट प्रकृया सम्बन्धमाः** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ४ को उपदफा (१) देखी (८) बमोजिम *"मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आयोजना माग गरी जारी गरेको सूचनाको समयावधी भित्र एकाघरका परिवारका सदस्य*

जीवनबहादुर शाही
मुख्यमन्त्री

*बाहेकका कम्तीमा सात जना व्यक्तिहरू मिली सूचना प्रणाली मार्फत आयोजना माग गर्नुपर्ने व्यवस्थाको"* सट्टामा आर्थिक वर्ष २०७९/०८० का लागि आयोजना सङ्कलन तथा छनौट गर्न देहाय बमोजिमको आयोजना सङ्कलन तथा छनौट गर्ने प्रकृया निर्धारण गर्नेः

(क) सम्बन्धित स्थानीय तहको वडा समितिले सम्भव भए सम्म वडा भेला गरी प्रति आयोजना कम्तिमा रु. १५ लाख सम्मका ५ वटा आयोजना छनौट तथा प्राथमिकता निर्धारण गरी सम्बन्धित स्थानीय तहमा पठाउने।

(ख) सम्बन्धित स्थानीय तहले वडाबाट प्राथमिकता क्रम सहित प्राप्त सबै आयोजनालाई रुजु गरी कार्यपालिकाबाट निर्णय गरी सम्बन्धित जिल्लाको आयोजना सिफारिस तथा समन्वय समितिमा सिफारिस गरी पठाउने।

(ग) आयोजना सिफारिस तथा समन्वय समितिको गठन देहाय बमोजिम गर्ने-

१. सम्बन्धित निर्वाचन क्षेत्रको पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित प्रदेश सभा सदस्य - संयोजक

२. सम्बन्धित निर्वाचन क्षेत्रमा स्थायी बसोबास भएका समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित प्रदेश सभा सदस्यहरु - सदस्य

३. सम्बन्धित स्थानीय तहको प्रमुख/अध्यक्ष -सदस्य

४. जिल्ला स्थित प्रदेश सरकार मातहतका विषयगत कार्यालय प्रमुखहरू - सदस्य

५. सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयको प्रमुख -सदस्य सचिव

(घ) सिफारिस तथा समन्वय समितिले स्थानीय तहबाट प्राप्त आयोजना मध्येबाट प्रत्येक वडाबाट ३ वटा आयोजना पर्ने गरी प्राथमिकताक्रम अनुसार निर्देशक समितिमा पठाउने।

(ङ) सिफारिस तथा समन्वय समितिबाट प्राप्त आयोजना मध्येबाट निर्देशक समितिले गरेको उपयुक्त आयोजना छनौट गरी कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहमा सशर्त अनुदानको रूपमा पठाउने।

(च) आयोजना सङ्कलन, छनौट तथा सिफारिस र कार्यान्वयन सम्मका सबै कार्यमा मुख्यमन्त्री रोजगार सूचना प्रणाली (CMEP) को प्रयोग गर्ने र प्रणालीलाई आवश्यक परिमार्जन, अद्यावधिक तथा स्तरोन्नती मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने।

४. चालु आर्थिक वर्षको मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आयोजना माग नभएका छार्काताङ्सोङ्ग गाँउपालिका, डोल्पाको वडा नं. १ र २, मुगुमकार्मारोङ्ग गाँउपालिका, मुगुको वडा नं.१ को लागि सम्बन्धित स्थानीय तहसँग समन्वय/ सम्पर्क गरी आयोजना माग गरी प्राप्त आयोजनाहरुलाई कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहमा पठाउने।

५. एकिकृत बस्ती विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ८ को उपदफा (१) र (२) मा *"सम्बन्धित स्थानीय तहले जोखिमयुक्त बस्ती र लाभग्राही पहिचान गरी आवश्यक कागजात सहित भाद्र मसान्त सम्ममा कार्यक्रम कार्यान्वयन समन्वय समितिमा पेश गर्ने र कार्यक्रम कार्यान्वयन समन्वय समितिले प्राप्त आयोजना प्रस्तावको विश्लेषण गरी असोज मसान्तभित्र आयोजनाको अन्तिम छनौट तथा स्वीकृतिका लागि निर्देशक समितिमा पठाउनु पर्नेछ।"* भन्ने समयसीमा रहेकोमा चालु आर्थिक वर्षको लागि स्थानीय तहले जोखिमयुक्त बस्ती र लाभग्राही पहिचान गरी आवश्यक कागजात सहित चैत्र २० गते सम्ममा कार्यक्रम कार्यान्वयन समन्वय समितिमा पेश गर्ने र कार्यक्रम कार्यान्वयन समन्वय समितिले प्राप्त आयोजना प्रस्तावको विश्लेषण गरी चैत्र मसान्तभित्र आयोजनाको

शाही

अन्तिम छनौट तथा स्वीकृतिका लागि निर्देशक समितिमा पठाउने गरी एकिकृत बस्ती विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ३४ बमोजिम बाधा अड्चन फुकाउने।

६. एकीकृत बस्ती विकास सम्बन्धी योजना माग गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्राप्त आवेदनहरू एकीकृत वस्ती विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ८ को उपदफा (१) र (२) बमोजिम *सम्बन्धित स्थानीय तहले कार्यक्रम कार्यान्वयन समन्वय समितिमा र कार्यक्रम कार्यान्वयन समन्वय समितिले निर्देशिक समितिमा प्रस्ताव पठाउने* व्यवस्थाको लागि सम्बन्धित स्थानीय तहलाई लेखी पठाउने।

७. मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रमको बजेट बाँडफाँटका लागि निर्देशक समितिको २०७८/०६/०८ को निर्णय नं. २ बमोजिम उपलब्ध भए सम्मको तथ्याङ्कको आधारमा बजेट बाँडफाँट गरी स्वीकृतिका लागि निर्देशक समितिको आगामी बैठकमा पेश गर्ने।

जीवनबहादुर शाही
मुख्यमन्त्री

२०७८।११।२८